खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

प्रादेशिक कार्यालय भैरहवा रुपन्देही

**धान कुटानी सम्वन्धी गोप्य शिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/०९/२३

यस कार्यालयले खरिद गरेको र गर्दै जाने करिव ५००० क्वीन्टल साँवा धान कुटानी गर्नु पर्ने भएकोले स्थायी लेखा नं.प्राप्त वा मूल्य अभिवृद्दि करमा दर्ता भएका इच्छुक कुटानी मिल (फर्म वा कम्पनी) बाट तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही रीत पूर्वक गोप्य शिलवन्दी दरभाउपत्र आव्हान गरीएको छ ।

## तपशिल

१.यस कम्पनीको लुम्विनी प्रादेशिक कार्यालय भैरहवा रुपन्देहीबाट फिर्ता नहुने गरी रु.१०००।रकम दाखिला गरी दरभाउपत्र फारम वा सो सम्वन्धी कागजात सेट खरिद गर्न सकिनेछ। धरौटी बापत रु.१,८६,०००।( एक लाख छ्यासी हजार मात्र) नगद वा श्री नेपाल बैंक लि. प्रधान कार्यालय काठमाडौ, धर्मपथ स्थित रहेको खाता नं.००२००१००५०२४२४००००००१ वा क वर्गको बैंक (वाणिज्य बैंक)बाट जारी भएको जमानत (BID BOND) राख्नु पर्ने छ ।

२.कम्पनीले कुटानी गर्ने धानको किसिम,कुटानी परिमाण,बुझाउनु पर्ने चामल तथा बोराको गुणस्तर,चामल बुझाउनु पर्ने स्थान,धरौटी रकम आदि विवरण दरभाउपत्र फारम र सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

३.कम्पनीको आवश्यक्ता हेरी कुटानी गरीने धानको परिमाण थपघट भएमा सोही अनुसार कुटानी गर्नु पर्ने छ ।

४.साँवा धानबाट प्राप्त चामल स्टीम गरीएको हुनुपर्नेछ।कुटानी गरी सके पछी तोकिएको परिमाण कम्पनीले तोकेको गोदाममा बुझाउनु पर्ने छ ।

५.दरभाउपत्र दाताले दरभाउपत्र सम्वन्धी जानकारीमा उल्लेख भएको व्यहोरा अध्ययन गरी कुटानी कार्यमा हुने खर्च र आफुलाई प्राप्त हुने उपपदार्थको आम्दानी रकम हिसाव गरी कुटानी ज्याला तथा कम्पनीबाट बुझिलिएको धानको प्रतिलब्धी(रिकभरी) चामल कवोल गर्नुपर्ने छ।दरभाउपत्र कागजातमा उल्लेख भएको अधिक्तम कुटानी ज्याला रकममा नबढ्ने गरी न्यूनतम प्रतिलब्धी प्रतिशत नघट्ने गरी चामल दिन कबुल गर्नु पर्नेछ ।

६.यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/१०/०७ गते सम्म दरभाउपत्र खरिद गरी दरभाउपत्र दाता वा निजको आधिकारीक प्रतिनिधिले रित पुर्वक सहि छाप तथा सिलवन्दी गरी १६ औं दिन अर्थात मिति २०८२/१०/०८ गते दिउसो १२:०० बजे भित्र यस कार्यालयमा पेश गर्न सकिनेछ।समय सिमा नाघी आएको दरभाउपत्र स्विकार गरीने छैन।पेश हुन आएका दरभाउपत्र सोही दिन अर्थात मिति २०८२/१०/८ गते दिउसो २:०० वजे यस कार्यालयमा खोलिनेछ ।

७. स्वीकृत दरभाउपत्रदाताले स्विकृत भएको जानकारी पाएको ७ दिन भित्र नियमानुसार कार्य सम्पादन जमानत तथा आवश्यक्ता अनुसार थप कार्य सम्पादन (धितो)जमानत समेत पेश गरी सम्झौता गर्नु पर्ने छ ।निर्धारीत समय सिमा भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरीनेछ ।

८. दरभाउपत्रको मान्य हुने अवधी दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ४५ दिनको हुनेछ ।दरभाउपत्र आँशिक वा पुर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कम्पनी तथा प्राथमिक खरिद समितिमा सुरक्षित रहनेछ ।यस सम्वन्धी अन्य शर्तहरु दरभाउपत्र कागजात र सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

प्रादेशिक कार्यालय भैरहवा रुपन्देही